लुम्बिनी प्रदेश सरकार
कृषि तथा भुमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
प्यूठान

फोन नं.: ०८६-४२०२१८७
Email: ialdo.pyuthan@gmail.com
Website: www.ialdopyuthan.lumbini.gov.np

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

सूचना नं (पशुपन्छी तर्फ) २०८०/८१-०२

प्रथम पटक सूचना प्रकाशन मिति :२०८०/०८/२८

यस कार्यालयको आ. व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा** सहभागि हुन इच्छुक प्यूठान जिल्लाका समूह/सहकारी/निजी उद्यमी ले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति२०८०/०९/२७ गते सम्म) साथै अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्टसम्म कार्यालय समयभित्र यस कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्याबसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०"** यस कार्यालयको सूचनापाटी/वेवसाईट www.ialdopyuthan.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०८६-४२०१८७ मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

### तपसिल

| क्र.स. | वालिवस्तु विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरु | प्रमाणित गर्ने आधारहरु | प्रोत्साहन रकम रु | स्वीकृत बजेट |
|---|---|---|---|---|---|
| १ | दुध उत्पादन | • गत आ.व. को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• समूह वा सहकारी वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले संस्थागत रूपमा खरिद बिक्री गरेको हुनुपर्ने,<br>• समूह वा सहकारी वा फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले दुधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने,<br>• दुधको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने,<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने,<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको हुनुपर्ने,<br>• प्रति समूह/सहकारी/कम्पनीले मासिक औसत कम्तीमा ३००० लिटर उत्पादन तथा बिक्री गरेको हुनु पर्ने,<br>• निजी फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीको हकमा मासिक औसत कम्तीमा २५०० लि. उत्पादन तथा बिक्री गरेको हुनु पर्ने, | • आवेदकको नागरिकताको प्रतिलिपि,<br>• सहकारी वा कम्पनीले संस्थागत अभिलेख,<br>• जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• सहकारीले आँफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,<br>• सहकारी वा संस्थागत रूपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख,<br>• स्थायी लेखा नं., करचुक्ता कागजात, दुधको कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन र आवेदकको बैंक खाता नं. | प्रति लिटर अधिकतम रु.२/-(कृषकलाई बैंक मार्फत भुक्तानी हुने) | दुध,माछा मासु र अण्डा गरि जम्मा २०लाख |

नि. कार्यालय प्रमुख

| क्र स | वालिवस्तु विवरण | • उत्पादन प्रवर्द्धन दिने आधारहरु | • प्रमाणित गर्ने आधारहरु | प्रोत्साहन रकम रु | स्वीकृत बजेट |
|---|---|---|---|---|---|
| २ | माछा/मासु / अण्डा (बाखा/भेंडा /बगुंर/रागां /माछा) उत्पादन | • गत आ.व. को उत्पादन गरेको बाखा, भेडा, बगुंर, अण्डा, अण्डा तथा माछाको मासु कारोवारको अभिलेख पेश गर्नु पर्ने।<br>• समूह वा सहकारी वा निजी उद्यमीले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने।<br>• वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने।<br>• मासु वा माछा वा /अण्डाको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशु सेवा कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने।<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने।<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहवाट तयार भएको हुनुपर्ने। वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/ राँगा/माछा उत्पादक सहकारी संस्था आफैंले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने,<br>• खसी/बोका/भेंडाको हकमा सहकारीबाट १०० वा बंगुरको हकमा प्रति सहकारी प्रति वर्ष ४० वा राँगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा २० गोटाको कारोबार गरेको हुनुपर्ने<br>• निजीको हकमा खसी वोका ५० वा राँगा २० वा बंगुर २५ गोटा प्रति वर्ष विक्रिको कारोबार गरेको हुनुपर्ने<br>• माछा उत्पादनमा: निजीको हकमा १ मे.ट प्रति वर्ष विक्रि कारोबार गरेको हुनुपर्ने। सहकारीको हकमा १० मे.ट वार्षिक कारोबार गरेको हुनुपर्ने।<br>अण्डा उत्पादन: मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। | • पशु पन्छी वा माछा पालकको अभिलेख।<br>• सम्बन्धित वडा वा स्थानीय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• बीमा गरिएको भए बीमालेख।<br>• आवेदकको खरिद बिक्री अभिलेख।<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण।<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण।<br>• कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>आवेदकको बैंक खाता नं.। | प्रति कि.ग्रा. अधिकतम<br>जिउँदो खसी/बोका/भेडाको हकमा रु. २५ का दरले,<br>जिउँदो रांगाको हकमा रु. १५ का दरले,<br>जिउँदो बगुंरको हकमा रु. १५ का दरले,<br>माछाको हकमा रु. १५ का दरले,<br>अण्डाको हकमा रु २५० प्रति हजार गोटाका दरले।<br>(कृषकलाई बैंक मार्फत भुक्तानी हुने) | |

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. प्रस्तावकको निवेदन। (अनुसूची ३६ बमोजिम)
२. व्यावसाय दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-३८ बमोजिम)।
५. सम्बन्धित स्थानीय तह(वडा र पालिका)को सिफारिस पत्र।
६. सम्बन्धित स्थानीय तह पशु सेवा शाखाको उत्पादन प्रमाणिकरण विवरण।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. गत आ.व.को लेखापरिक्षण प्रतिवेदन साथै सूचनाको "प्रमाणित गर्ने आधारहरु" मा उल्लेख गरिएका कागजातहरु ।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)

नोट: प्रस्तावकले प्रस्ताव पेश गर्दा सिलवन्दी खाममा राखी गर्नु पर्नेछ सूचनामा आवश्यक बुँदाहरु छुट हन गएमा कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधी २०८० बमोजिम गरिने व्यहोरा अनुरोध छ।

.................
उमेशचन्द्र श्रेष्ठ
नि.कार्यालय प्रमुख

नि. कार्यालय प्रमुख

CamScanner